हाम्रो विचार, निष्पक्ष समाचार

दीक्षण

राष्ट्रिय दैनिक

www.dikshannews.com

दीक्षण राष्ट्रिय दैनिक

ग्राहकको लागि फोन नं: ०४९-४२१४०१

बर्ष ११, अंक १३ ,२०८३ साउन १५ गते , शुक्रबार (Dikshan National Daily, Friday, Jul 31 , 2026) पृष्ठ ४ मूल्य रु. १०

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

चरिकोट दोलखा,

बागमती प्रदेश, नेपाल ।

आय सङ्कलनको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८३/०४/१५

E-Bidding Only (ई – बिडिङ मात्र)

यस नगरपालिकाको तपसिल बमोजिमको क्षेत्रमा बागमती प्रदेशको प्रदेश आर्थिक ऐन २०८३ अनुसार आ.व. २०८३/८४ का लागि ढुङ्गा, गिट्टी, ग्राभेल, रोडा र बालुवाको शुल्कबाट प्राप्त हुने आय सङ्कलन गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीले देहायबमोजिमको सर्तहरूको अधिनमा रही www.bolpatra.gov.np/egp बाट बोलपत्र फारम प्राप्त गरी सोहिं माध्यमबाट बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । रितपूर्वक पेस भएका बोलपत्रहरूमध्ये उच्च रकम कबोल गर्ने बोलपत्र स्वीकृत गरिने छ । विस्तृत जानकारीका लागि यस कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

क्र. स.	आन्तरिक आय ठेक्का नं.	ठेक्का क्षेत्र/स्थल	परिमाण (घन मी.)	न्यूनतम् रकम रु. (मु.अ.कर बाहेक)	बोलपत्र दस्तुर रु.	बोलपत्र जमानत रकम रु.	बोलपत्र दर्ता गर्नेमिति र समय	बोलपत्र खोल्ने मिति र समय
१.	BMP/ NCB/ REV/ 2083-84/E/ 01	मन्याङ्खोला क्षेत्र, भी.न.पा.-२, खेलाप (२७°३९'३७" N, ८६°०५'१६" E)	४०५०	१०,००,३५०/-	०.००	५०,०००/-	२०८३/०५/०९ गते दिनको १२ बजेभित्र	२०८३/०५/०९ गते दिनको १ बजे
२.	BMP/ NCB/ REV/ 2083-84/E/ 02	ओखे सत्तरी गोलाइ बगर क्षेत्र, भी.न.पा.-५, सत्तरी गोलाई (२७°३७'४८"N, ८६°०४'५६" E) र भाङ्गेखोला बगर क्षेत्र, भी.न.पा.-५, भाङ्गेखोला बगर (२७°३७'३३" N, ८६°०४'५२" E)	१०२४०	२५,२९,२८०/-	०.००	१,२५,०००/-		

मह र मौरीजन्य सामग्री (घार, टापा, चाका आदि) का बिक्राबाट मात्र वार्षिक कम्तीमा रू २० करोड बराबरको कारोबार हुने गरेको छ । जिल्ला कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टका अनुसार जिल्लामा वार्षिक मह उत्पादन र कारोबार निरन्तर बढ्दो क्रममा रहेको छ । मौरीले मह उत्पादनसँगै कृषि बालीको परागसेचनमा महत्वपूर्ण योगदान पुर्याउने भएकाले यसको संरक्षण र विस्तार आवश्यक रहेको उहाँ बताउनुहुन्छ । उचित तालिम, गुणस्तरीय रानी उत्पादन, बजार व्यवस्थापन र 'ब्राण्डिङ'मा जोड दिन सके झापा मह उत्पादनको प्रमुख केन्द्र बन्न सक्ने उहाँको विश्वास छ ।

उपाध्यक्षसहित दुई जनाविरूद्ध भ्रष्टाचार मुद्दा

चरिकोट (दीस) - कपिलवस्तुको शुद्धोधन गाउँपालिकाको कार्यक्रम सञ्चालनका लागि लिइएको पेश्की रकमबाट उपाध्यक्षको बैक खातामा ५ लाख जम्मा गरिएको पुष्टि भएपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गाउँपालिकाका उपाध्यक्ष होमप्रकाश चौधरी कुर्मी र तत्कालीन एमआइएस अपरेटर सुरेश कँहारविरूद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगले जागिर लगाइदिने भन्दै घुस लिएको भन्ने उजुरीमाथि अनुसन्धान गर्दा आरोप पुष्टि भएपछि बिहीबार विशेष अदालत काठमाडौमा दुवै जनाविरूद्ध आरोपपत्र दायर गरेको हो ।

आयोगका अनुसार अनुसन्धानका क्रममा उपाध्यक्ष चौधरीको बैक खातामा रू ५ लाख जम्मा भएको पुष्टि भएको छ । उक्त रकम आर्थिक वर्ष २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत सञ्चालन हुने 'न्यायिक असमानताविरूद्ध उपाध्यक्ष कार्यक्रम'का लागि लिइएको पेश्की रकमबाट जम्मा गरिएको पाइएको हो ।

प्रेस विज्ञप्तिअनुसार उक्त कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी तत्कालीन एमआइएस अपरेटर कँहारलाई दिइएको थियो । कँहारले गाउँपालिकासँग सम्झौता गरी रू ६ लाख पेश्की लिएका थिए । आयोगका अनुसार उक्त रकम खातामा आए लगत्तै त्यसमध्ये रू ५ लाख उपाध्यक्ष चौधरीको बैक खातामा जम्मा गरिएको थियो ।